नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

आज मिति २०८२/०४/१६ गते शुक्रबारका दिन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ को व्यवस्था अनुसार जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी श्री प्रकाशचन्द्र अधिकारीको अध्यक्षतामा तपसिल बमोजिमको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

विशेष उपस्थिति

१. समन्वय प्रमुख, श्री गुमान सिं ईस्वो, जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम

उपस्थितिः

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री प्रकाशचन्द्र अधिकारी | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | प्र.जि.अ. |
| | श्री डिल्ली नेपाल | नेपाली काङ्ग्रेस, तेह्रथुम | सचिव |
| | श्री भिम बहादुर ल्वागुन | नेकपा एमाले, तेह्रथुम | जि.क.स. |
| | श्री तेजमान कन्दङवा | नेकपा माओवादी केन्द्र, तेह्रथुम | प्रतिनिधी |
| | श्री टंक प्रसाद अधिकारी | राष्ट्रिय प्रजातन्त्र पार्टी, तेह्रथुम | अध्यक्ष |
| | श्री रविन कार्की | म्याङलुङ्ग नगरपालिका,तेह्रथुम | प्र.प्र.अ. |
| | श्री कृष्ण तिवारी | शत्रुमर्दन गुल्म, म्याङलुङ्ग ब्यारेक | सेनानी |
| | श्री लिलाराज लामिछाने | जिल्ला प्रहरी कार्यालय, तेह्रथुम | प्र.ना.उ. |
| | श्री महेश राज विष्ट | सशस्त्र प्रहरी बल नेपाल नं. ३ गुल्म हे.क्वा | स.प्र.ना.उ. |
| | श्री डिल्लीराम भट्टराई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम | प्र.अ.अ. |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री सुमन दाहाल | पुर्वाधार विकास कार्यालय, तेह्रथुम | ईन्जिनियर |
| | श्री जगदिश सुवेदी | म्याङलुङ्ग नगरपालिका,तेह्रथुम | समाजिक वि.अ. |
| | श्री तारा श्रेष्ठ | तेह्रथुम उद्योग वाणिज्य संघ | बरिष्ठ उपाध्यक्ष |
| | श्री ठाकुर सेनेहाङ्ग | नेपाल पत्रकार महासंघ, तेह्रथुम | अध्यक्ष |
| | श्री श्रीकृष्ण दाहाल | नेपाल रेडक्रस सोसाईटी, तेह्रथुम | सभापती |
| | श्री सुनिल शाह | जिल्ला आयुर्वेद स्वास्थ्य कार्यालय, तेह्रथुम | का.प्र. |
| | श्री विनय ज्ञवाली | स्वास्थ्य कार्यालय, तेह्रथुम | का.प्र. |
| | श्री बिशाल राई | कृषि ज्ञान केन्द्र, तेह्रथुम | नि.का.प्र. |
| | श्री श्याम कुमार कठेत | नेपाल टेलिकम, तेह्रथुम | का.प्र. |
| | श्री विमला फोम्वो | गैर सरकारि संस्था महसंघ | उपाध्यक्ष |
| | श्री हिम चन्द्र रेग्मी | जिल्ला समन्वय समिति, तेह्रथुम | ना.सु |
| | श्री कृष्ण विदुखी गौतम | नेपाल पत्रकार महासंघ, तेह्रथुम | सचिव |
| | श्री रमण कुमार पासमान | नेपाल विद्युत प्राधिकरण, तेह्रथुम | प्रशासन प्रमुख |
| | श्री मनोज लिम्बु | रेडिइ मेन्छायायेम | स्टेशन मेनेजर |
| | विष्णु लिम्बु | बसन्तपुर नँया शहर आयोजना, तेह्रथुम | लेखापाल |
| | श्री विशाल श्रेष्ठ | जलस्रोत तथा सिँचाई विकास डिभिजन, तेह्रथुम | सव.ई. |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री बिक्रम लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | स.प्र.जि.अ. |
| | श्री बालकृष्ण लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | शाखा अधिकृत |
| | श्री राम प्रसाद भट्टराई | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | ना.सु. |
| | श्री सुनिल सिटौला | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | ना.सु. |
| | श्री गोविन्द लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | क.अ. |
| | श्री प्रकाश खनाल | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | का.स. |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## २०८२/०४/१६ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति बैठकका निर्णयहरू:

१. आर्थिक बर्ष २०८२/०८३ को लागि तेह्रथुम जिल्लाको विपद् व्यवस्थापन सम्बन्धि मुख्य दस्तावेजको रुपमा मस्यौदा समितिद्वारा प्रस्तुत "जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan-DPRP) २०८२/०८३" को मस्दौयाको सम्बन्धमा आवश्यक छलफल गरी स्वीकृत गरियो। उक्त प्रतिकार्य योजनाले तोकेको जिम्मेवारी सम्बन्धित निकायहरुले उच्च प्रथमिकताका साथ कार्यान्वयन गर्ने।

२. जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan-DPRP)-२०८२/०८३ मा निर्दिष्ट रणनीति अनुसार विपद् पूर्व तयारीका लागि जोखिमयुक्त स्थानहरु, जोखिमको समयमा उपयोग गर्न सकिने सुरक्षित स्थानहरु पहिचान र उपयोगका सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समिति मार्फत नागरिक एंव सरोकारवालाहरुलाई जानकारी गराउने।

३. राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पत्र संख्या २०८१/०८२, चलानीं नम्बर १९४८, मिति २०८२/०३/०९ को पत्र मार्फत मनसुन प्रतिकार्य कमाण्ड पोष्ट बैठकको निर्णय कार्यान्वयन सम्बन्धि निर्देशनको सम्बन्धमा जानकारी गराई छलफल गरियो। उक्त निर्णय कार्यान्वयनको सम्बन्धमा स्थानीय तह, यातायात व्यवसायी लगायत सबै संघ संस्थासँगको प्रभावकारी समन्वयमा सहकार्य गर्ने/गराउने।

४. गृह मन्त्रालय विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाको पत्र संख्या २०८१/०८२, चलानी नम्बर ३५३, मिति २०८२/०२/२२ को पत्र मार्फत संघीय संसद, राष्ट्रिय सभा, संघीयता सवलिकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकको निर्णय कार्यान्वयन सम्बन्धि प्राप्त निर्देशनको सम्बन्धमा भएको छलफल बमोजिम आगलागी, भुकम्प, मनसुनजन्य विपद् लगायतका प्राकृतिक विपद्लाई मध्यनजर गर्दै विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद पुनर्लाभको कार्यहरु तहगत सरकार, अन्तर निकाय समन्वय कायम राख्दै सामाजिक परिचालन मार्फत समग्र विपद् व्यवस्थापनका कार्यहरुलाई अगाडि बढाउने।

५. गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको पत्र संख्या ०८२/८३/०८, चलानी नम्बर २४, मिति २०८२/०४/०५ गतेको श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८२/०४/०५ मा बसेको सचिवस्तरीय बैठकबाट भएका निर्णय कार्यान्वयन सम्बन्धी पत्र तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पत्र संख्या २०८२/०८३, चलानी नम्बर ७९, मिति २०८२/०४/१४ को निर्णय कार्यान्वयन

सम्बन्धी परिपत्र मार्फत "विपद् व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने कार्यालय प्रमुख तथा अन्य जनशक्ति विपद् व्यवस्थापन, उद्धार, राहत र शान्ति सुरक्षा लगायतका कार्यमा जुनसकै बेला परिचालित हुनुपर्ने भएकाले जिल्ला नछाड्नु हुन र विपद् जोखिम न्यूनीकरण तथा खोज, उद्धार र राहतका लागि सरकारी सवारी साधन तथा अत्यावश्यक सेवा एंव सोसँग सम्बन्धित उपकरण दुरुस्त राख्ने साथै सम्बद्ध सबै कार्यालय प्रमुखहरुलाई तयारी अवस्थामा रहन र अति जरुरी अवस्थामा वाहेक जिल्ला नछोड्ने व्यवस्था मिलाउने।" भन्ने निर्देशन प्राप्त भएको हुँदा उक्त सम्बद्ध सबैले कार्यान्वयन गर्ने/गराउने।

६. गृह मन्त्रालय विपद अध्ययन जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाको पत्र संख्या २०८१/०८२, चलानी नम्बर ८१/०९, मिति २०८२/०४/०४ को पत्र मार्फत संघीय संसद, प्रतिनिधि सभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकका निर्णय कार्यान्वयन सम्बन्धि परिपत्रको सम्बन्धमा छलफल गरि यस जिल्लाबाट कार्यान्वयन हुने विषयहरुमा प्रभावकारी समन्वय गरी कार्यान्वय गर्ने।

७. लालीगुराँस नगरपालिका वडा नं -७ बस्ने देउमान लिम्बुको घर आगलागीमा परी अस्थायी आवास निर्माण गर्नु पर्ने भई विपद् बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ को दफा ४(१) बमोजिम पहिलो किस्ताको रकम रु २५०००।-(पच्चिस हजार) स्थानीय विपद् व्यवस्थापन कोष मार्फत उपलब्ध गराई सकिएको र सम्बन्धित पालिकाबाट उक्त कार्यविधिको दफा ४ (२) भएको व्यवस्था बमोजिम अनुसुची -४ भरी अन्तिम किस्ताको रकम माग भई आएमा ऐ.ऐ मापदण्डको दफा ५(३) मा भएको व्यवस्था बमोजिम सम्बन्धित लाभग्राहीलाई बैक खाता मार्फत अन्तिम किस्ता वापतको रकम रु २५०००।-(पच्चिस हजार) निकासाका लागि लालीगुराँस नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन कोषमा रकम निकासा दिने ।

८. विकासका कारण सृजना हुनसक्ने विपद्जन्य घटनाहरूबाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्न विकास आयोजनाहरूले आ-आफ्नो कार्यक्षेत्रमा पर्ने संरचनाहरूको समयमै मर्मत गर्न आवश्यक व्यवस्था मिलाउने। साथै लोकमार्ग अवरोध भएमा तत्काल अवरोध हटाउन आवश्यक सहजिकरण गर्ने।

९. डेङ्गी संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जिल्ला स्थित स्वास्थ्य कार्यालयको समन्वयमा सबै स्थानीय तहहरुसँग समन्वय गरी डेङ्गी संक्रमण लामखुट्टे वासस्थान र लार्भा खोज तथा नष्ट गर्ने उद्देश्यले सरसफाई कार्यक्रम र प्रचार प्रसार अभियान संचालन गर्ने।

१०. जिल्लामा मनसुन अवधिभर बाढी, पहिरो, डुबान र भारी वर्षाका कारणले विद्युत आपूर्ति र संचार प्रणाली अवरुद्ध हुने गुनासो आउने गरेको सन्दर्भमा सोको यथोचित र शीघ्र सम्बोधनको लागि आवश्यक व्यवस्था नेपाल विद्युत प्राधिकरण कार्यालय र नेपाल टेलिकम कार्यालय, तेह्रथुमले मिलाउने ।

११. विपद् र विपद्जन्य सम्भावित घटना सम्बन्धी प्राप्त सूचना एवं जानकारी मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी जिम्मेवार निकायबीच छिटोछरितो रूपले आदनप्रदाचन गरी सूचना प्रणालीलाई प्रभावकारी बनाउने ।

१२. जल तथा मौसम विज्ञान विभागबाट हुने जल तथा मौसम पुर्वानुमान सतर्कता तथा चेतावनी सम्बन्धी एंव सूचना जिल्ला स्थित कार्यालय, स्थानीय तह, संघ संस्था एंव आम संचार माध्यमबाट समयमै सूचना प्रवाह गरी जोखिम न्यूनीकरण कार्यमा सहयोग पुऱ्याउने।